प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

फोन नं. ०२१-४७५१६६, ४७५१८९
फ्याक्स नं. ०२१-४७०१६१
ई-मेल: info.ocmcm@p1.gov.np
वेबसाईट: www.koshi.gov.np

प.सं.: २०८०/०८१
च.नं.: १९३८

मिति:- २०८१।०२।०४

विषय:- परिपत्र सम्बन्धमा।

श्री प्रदेश सभा सचिवालय,
श्री मन्त्रालय(सबै),
श्री प्रदेश योजना आयोग,
श्री प्रदेश लोकसेवा आयोग,
श्री स्थानीय तह(सबै),
कोशी प्रदेश, विराटनगर।

प्रस्तुत विषयमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं.०८०/०८१ च.नं.१८१ को परिपत्रबाट अनुरोध भए अनुसार निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ३९घ बमोजिमको विशेष आर्थिक सुविधा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत लिन सकिने व्यहोरा तहाँ र मातहतमा कार्यरत कर्मचारीहरुलाई जानकारी गराई सो पत्र कार्यालयको वेबसाइटमा समेत प्रकाशित गरिदिनुहुन अनुरोध छ।

.........................
(दिनेश ढुङ्गाना)
अधिकृतस्तर सातौं

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८०/०८१
चलानी नं. : ९८१

**विषय : विशेष आर्थिक सुविधा जनकारी सम्बन्धमा।**

श्री राष्ट्रपतिको कार्यालय, शितल निवास, महाराजगञ्ज ।
श्री उपराष्ट्रपतिको कार्यालय, लैनचौर ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।
श्री प्रदेश प्रमुखको कार्यालय, ७ वटै प्रदेश ।
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७ वटै प्रदेश ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, पुल्चोक ललितपुर ।
श्री लोक सेवा आयोग, अनामनगर, काठमाडौं ।
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।
श्री भाषा आयोग, शङ्खमूल, काठमाडौं ।
श्री राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय महिला आयोग, भद्रकाली, काठमाडौं ।
श्री राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक, ललितपुर ।
श्री आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर ।
श्री मधेशी आयोग, ज्वागल, ललितपुर ।
श्री थारु आयोग, अनामनगर, काठमाडौं ।
श्री मुस्लिम आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय सूचना आयोग, अनामनगर, काठमाडौं ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर ।
श्री नेपाल ट्रष्टको कार्यालय, लाजिम्पाट, काठमाडौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं ।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय ।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालयको च.नं. ७३६ मिति २०८१।०१।०३ र श्री कर्मचारी सञ्चय कोषको च.नं ५८-०८०/८१ मिति २०८०।०१।३१ पत्र यसै साथ संलग्न छ।

उक्त पत्रमा उल्लेख भए बमोजिम निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९को दफा ३९घ बमोजिमको विशेष आर्थिक सुविधा प्रचलित कानुन र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत लिन सकिने व्यहोरा तहाँ र तहाँ मातहत कार्यरत कर्मचारीहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ । साथै यो पत्र आ-आफ्नो कार्यालयको वेबसाइटमा प्रकाशित गरि दिनुहुन समेत अनुरोध छ।

(शरद कुमार दाहाल)
शाखा अधिकृत

बोधार्थ
श्री कर्मचारी सञ्चय कोष, ठमेल काठमाडौं ।

कर्मचारी सञ्चय कोष
Employees Provident Fund
(कर्मचारी सञ्चय कोष ...)
निवृतभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

मिति : २०८१/०१/३१

च.नं. ४८-०८०/८१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषय : निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा सम्बन्धमा ।

नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं.वि.क्षे.व्य.सं.स. २०८०/८१ च.नं. ७३६ मिति २०८१/०१/०३ को पत्रानुसार निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत उपलब्ध गराई अर्थ मन्त्रालयले शोधभर्ना गर्ने सम्बन्धी निर्णय कार्यान्वयनको लागि निर्देशन भई आएकोमा कोषबाट यसैसाथ संलग्न बमोजिमको मापदण्ड बनाई कार्यान्वयनमा ल्याईएको हुँदा त्यस मन्त्रालयमार्फत सम्बन्धित सबै सरकारी निकायहरूमा यस सम्बन्धी जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

(सागर कुमार सिंह)
विभागीय प्रमुख

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
दर्ता नं.:- १६६
मिति:- २०८१/१/२९

## कर्मचारी सञ्चय कोष

*(निजामती सेवा ऐन २०४९ को दफा ३९ घ. अनुरुपको विशेष आर्थिक सुविधा दाबी आवेदन फाराम)*

श्री कर्मचारी सञ्चय कोष

..................................................

**विषय: निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. अनुरुपको विशेष आर्थिक सुविधा उपलब्ध गराउने बारे।**

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लिखित निजामती कर्मचारीको निजामती सेवामा रहँदाकै अवस्थामा मृत्यु भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएअनुरुप विशेष आर्थिक सुविधा पाउन निवेदन गर्दछु। यसमा उल्लिखित सम्पूर्ण विवरण ठिक छन्, यसमा पछि कुनै कुरा झुठो सावित भएमा कानून बमोजिम सहुँला बुझाउँला।

मृतक कर्मचारीको सञ्चय कोष परिचय पत्र नं. : ..................................................

मृतक कर्मचारीको नामथर : ..................................................

कार्यालयको नाम, ठेगाना : ..................................................

नियुक्ति मिति : २०.......... /.......... /..........

मृत्यु भएको मिति : २०.......... /.......... /..........

हकवालाको नाम थर, वतन : ..................................................

हकवालाको सम्पर्क नम्बर : ..................................................

मृतक कर्मचारीसँगको नाता : ..................................................

मृतक कर्मचारीको सिटरोल नम्बर (निजामती किताबखाना नम्बर) : ..........................

आवेदकको दस्तखत: ..........................

रेखात्मक सहिछाप:

| | |
|---|---|
| | |
| दाँया | बाँया |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

| | | | |
|---|---|---|---|
| १. | सम्बन्धित कार्यालयबाट सेवामा रहँदाकै अवस्थामा मृत्यु भएको व्यहोरा खुलेको मृत्यु खालीको पत्र (निजामती किताबखाना र कर्मचारी सञ्चय कोषलाई लेखेको पत्र) | | |
| २. | निवृत्तभरण अधिकार पत्रको प्रतिलिपि (निवृत्तभरण हुनेको हकमा) | ३. | विवाह दर्ता वा नाता खुल्ने प्रमाणित पत्र |
| ४. | कर्मचारी सञ्चय कोष परिचय पत्रको प्रतिलिपि | ५. | मृतक तथा हकवालाको नागरिकताको प्रतिलिपि |
| ६. | मृत्यु दर्ता प्रमाणपत्र | ७. | अन्य आवश्यक कागजात |

### सम्बन्धित कार्यालयबाट प्रमाणित गर्ने

यस कार्यालयका .................. दर्जाका कोष परिचय पत्र नं. ........................ का कर्मचारी श्री ........................ ................ निजामती कर्मचारी रहेको व्यहोरा प्रमाणित गरिन्छ। यसमा माथि उल्लिखित सम्पूर्ण विवरणहरु ठिक छन्। निजको निजामती सेवामा रहँदाकै अवस्थामा मृत्यु भएकोले नेपाल सरकार, अर्थ मन्त्रालयबाट शोधभर्ना हुनेगरी निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएअनुरुप विशेष आर्थिक सुविधा बापतको रकम मृतक कर्मचारीको हकवाला श्री .................................................. लाई उपलब्ध गराईदिनु हुन सिफारिस सहित अनुरोध गरिन्छ।

**कार्यालय प्रमुखको:**

| |
|---|
| दस्तखत : |
| नाम थर : |
| दर्जा : |
| सञ्चय कोष परिचय पत्र नं. : |
| मिति : |

कार्यालयको छाप

*द्रष्टव्य: यस सम्बन्धमा आवश्यकता अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी सिफारिस तथा निर्णय गर्न सकिनेछ।*

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

पत्र संख्या:- वि.क्षे.व्य.सं.स. २०८०/८१

च. नं.:- 036

सिंहदरबार, काठमाडौं
नेपाल।

मिति: २०८१/०१/०३

विषय: विशेष आर्थिक सुविधाको सम्बन्धमा।

श्री कर्मचारी सञ्चय कोष,
पुल्चोक, ललितपुर।

निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएको विशेष आर्थिक सुविधा वापतको रकम देहायका शर्तहरुको आधारमा कर्मचारी सञ्चय कोषवाट भुक्तानी गरी अर्थ मन्वालयमा शोधभर्ना माग गर्न (मा.मन्त्रिस्तर) वाट मिति २०८०/१२/२८ मा निर्णय भएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

तपशिल

१. निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा उपलब्ध गराउँदा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराउने,
२. यसरी उपलब्ध गराएको आर्थिक सुविधा वापतको रकमको शोधभर्ना अर्थ मन्त्रालयसंग माग गर्ने र
३. अर्थ मन्त्रालयसंग शोधभर्ना वापतको रकम माग गर्दा कर्मचारी सञ्चय कोषको प्रशासक स्तरीय निर्णयवाट माग गर्ने।

(अम्बिका प्र. भट्टराई)
शाखा अधिकृत

पुनश्च: यस पूर्व तहाँ कोषवाट भुक्तानी भएको रकमको शोधभर्ना आवश्यक प्रक्रिया पुरा गरी माग गर्न समेत जानकारी गराईन्छ।